निर्णयहरु :

(१) यस अघि जिल्ला कोरोना व्यवस्थापन समिति (DCMC) बाट भएका निर्णयहरु बैठकमा समिक्षा गरियो । उक्त निर्णयहरुलाई कार्यान्वयनमा ल्याउने ।

(२) श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.१४४२ मिति २०७८।०९।२६ को पत्र बैठकमा अवगत भयो । पत्रसाथ प्राप्त निर्देशन बमोजिम कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि सरोकारवाला सवै निकायहरुले समन्वयात्मक रुपमा उच्च सतर्कता अपनाउने ।

(३) मिति २०७८।०९।२१ गते प्रदेश १ का माननीय मूख्यमन्त्री राजेन्द्र कुमार राई ज्यूको अध्यक्षतामा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, उपचार एवं समग्र व्यवस्थापन लगायतका विषयमा बसेको बैठकबाट भएको निर्णय बैठकमा जानकारी गराइयो । उक्त निर्णय बमोजिम सरोकारवाला निकायहरु सवैले समन्वय गरी कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी वनाउने ।

(३) सार्वजनिक स्थलमा सवै प्रकारका राजनीतिक तथा धेरै मानिस उपस्थित हुने गरी प्रशासनिक तथा सामाजिक एवं यस्ता प्रकृतिका कार्यक्रम नगर्ने, नगराउने । अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर मात्र स्वास्थ्य मापदण्डको पालना गरी, गराई गर्ने, गराउने ।

(४) २५ जना भन्दा बढी मानिसको उपस्थिति हुने गरी कुनै पनि किसिमको मेला, भेला भोजभतेर तथा महोत्सवहरु एवं सामाजिक लगायतका कार्यहरु नगर्ने, नगराउने । यस अघि अनुमति लिएका महोत्सव, मेला, भेला, खेलकुद कार्यक्रम स्थगत गर्ने । कोभिड रोग रोकथाम सम्बन्धी चेतनामूलक कार्यक्रम स्वास्थ्य सुरक्षा मापदण्ड अवलम्वन गरी संचालन गर्न सक्ने ।

(५) सार्वजनिक स्थानहरु (कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला, हवाई यात्रा, पार्क आदि) मा प्रवेश गर्दा यही माघ ७ गते देखि कोभिड-१९ विरुद्धको खोप लगाएको कार्ड (मोवाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र यस्ता सवै निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने ।

(६) यही माघ ७ गते देखि जिल्लाभित्रका सवै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोवाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने ।

(७) सीमा नाकामा एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी वनाउने र त्यस्तो परीक्षणबाट संक्रमित देखिएकाहरुलाई तत्काल संस्थागत आइसोलेसन (होल्डिङ सेन्टर, होटल आदि) मा राख्ने व्यवस्था मिलाउने । यसका लागि सम्बन्धित पालिकाले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(८) कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिसमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम २०७८ माघ १५ गतेसम्म भौतिक उपस्थितिमा पठन पाठन संचालन नगर्ने, नगराउने र पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरुको हकमा स्वास्थ्य मापदण्ड पालना हुने गरी जेड आकारमा बसाई व्यवस्था गरी संचालन गर्ने ।

(९) सार्वजनिक सवारी साधनहरुले स्वीकृत सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सवै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने, सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था हुनु पर्ने, मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने, चालक र सहचालकले अनिवार्य मास्क, भाइजर र पन्जा लगाउने र अनिवार्य रुपमा सवारी साधन दैनिक स्यानिटाइज गर्नुपर्ने । पालना भएको नपाइएमा संचालकलाई जिम्मेवार वनाई जरिवाना गर्ने ।

(१०) औषधि लगायत अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा कृतिम अभाव सृजना गर्ने, मूल्य वृद्धि गर्ने, लुकाउने, सहज आपूर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारवाही गरिने ।

(११) कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contact tracing) मा परेका व्यक्तिहरुले नेपाल सरकारले नि:शुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तह, जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन, भिडभाडबाट बच्न तथा बचाउन सतर्क रही स्वास्थ्य मापदण्डको प्रभावकारी पालना गर्ने, गराउने ।

(१२) कोभिड-१९ को संभावित तेश्रो लहरबाट जोगिन उपयुक्त स्वास्थ्य सतर्कता अपनाउने र जनस्वास्थ्य मापदण्डको कडाईका साथ पालना गर्ने, गराउने सम्बन्धित सूचना प्रकाशन तथा प्रशारणका लागि जिल्लास्थित सवै स्थानीय तह, सञ्चार माध्यमहरुलाई विशेष अनुरोध गर्ने ।

(१३) औद्योगिक तथा व्यावसायिक संस्था, फर्म तथा पसलहरुले स्वास्थ्य मापदण्ड पालना गरी, गराई औद्योगिक तथा व्यावसायिक गतिविधि संचालन गर्ने ।

(१४) प्रथम र दोश्रो चरणको कोरोना संक्रमणका वखत होल्डिङ सेन्टर, आइसोलेसन सेन्टर र अस्पताल संचालन गरेका सवै पालिकाहरुले पून: उल्लेखित संयन्त्रहरु खडा गरी तयारी अवस्थामा रहने । सो का लागि जनशक्ति लगायत आवश्यक संचालन खर्च अपुग भएमा प्रदेश सरकारसँग समन्वय गरी माग गर्ने ।

(१५) कोशी कोभिड अस्पतालले निर्माणाधीन संरचना तथा उपकरणहरु १५ दिनभित्र सम्पन्न गरी थप वेड संचालनमा ल्याउने । विराटनगरको रानीमा निर्माणाधीन १००० क्षमताको होल्डिङ सेन्टर ७० प्रतिशत काम सम्पन्न भएको देखिएकोले यथाशिघ्र छिटो सम्पन्न गर्न नेपाली सेनालाई अनुरोध गर्ने ।

(१६) निजी क्षेत्रबाट संचालित अस्पताल तथा नर्सिङ होमहरुले समेत कोभिड संक्रमित नागरिकको उपचारको लागि वेड सहितका उपकरणहरु तयारी हालतमा राख्ने र विगतमा उपचार गरेका स्वास्थ्य संस्थाहरुले उपचार गर्ने सन्दर्भमा देखिएका समस्या र समाधानका उपायहरु सहितको सुझाव एक हप्ता भित्र उपलब्ध गराउने ।

(१७) सीमा नाकामा संचालित हेल्थ डेस्कलाई थप जनशक्ति, पूर्वाधार लगायतका व्यवस्थापनमा विराटनगर महानगरपालिकाले आवश्यक परे प्रदेश सामाजिक विकास मन्त्रालयसँग समेत समन्वय र सहकार्य गर्ने ।

(१८) म.न.पा./न.पा./गा.पा. ले समेत विभिन्न स्थानमा एन्टिजेन परीक्षणका लागि हेल्थ डेस्क स्थापना गर्ने । एन्टिजेनबाट पोजेटिभ देखिएकाहरुलाई अनिवार्य PCR परीक्षण गर्ने व्यवस्था मिलाउने । आवश्यकता अनुसार होम आइसोलेसन तथा संस्थागत आइसोलेसनमा संक्रमितहरुलाई पु-याउने व्यवस्था म.न.पा./न.पा./गा.पा.ले गर्ने, यस कार्यमा नेपाल रेडक्रस सोसाइटी मोरङले सहजीकरण गर्ने ।

(१९) कोभिड रोगको पहिचान, रोकथाम र उपचारका लागि स्थानीय तहले बजेट सहित कार्यको व्यवस्थापन गर्ने । नपुग हुने अवस्थामा प्रदेशको सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी कोभिड रोगको पहिचान, रोकथाम र उपचारको व्यवस्था मिलाउने ।

(२०) विभिन्न सरकारी निकाय, गैर सरकारी संस्था, उद्योगी, व्यवसायी, सामाजिक संस्थाहरुले मास्कको प्रयोगलाई अभियानको रुपमा लैजान आवश्यकता अनुसार सीमा नाका, बजार लगायतका क्षेत्रमा मास्क वितरण गर्ने व्यवस्था मिलाउने ।

२०७८।४।२८

प्रमुख जिल्ला अधिकारी

(२१) सेवा प्रदान गर्ने निकायहरुले भीडभाड हुन नदिने गरी सेवाग्राहीहरुको नियमित काम सम्पादन गर्ने । बढी भीडभाड हुने अवस्था भएमा सेवाग्राहीको चापको आधारमा उपयुक्त विकल्प चयन गरी सेवा प्रदान गर्ने ।

(२२) कोभिड रोगको रोकथाम, उपचारमा आवश्यक पर्ने जनशक्तिको आंकलन गरी समयमै आवश्यकता अनुसार जनशक्ति लगायत स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गर्न प्रदेश सामाजिक विकास मन्त्रालयसँग समन्वय गर्ने ।

(२३) अक्सिजनको आपूर्ति सहज बनाउन कोभिड-१९ को दोश्रो लहरको समयमा प्रयोगमा आएका अक्सिजन सिलिण्डरहरु यथाशिघ्र सम्बन्धित अस्पताल, उद्योग वा स्थानीय तहमा हस्तान्तरण गर्ने ।

(२४) कोभिड-१९ पोजेटिभ भई स्वांस प्रस्वांसमा गम्भीर असर परेमा निजलाई स्वास्थ्य संस्थासम्म निःशुल्क रुपमा पु-याउने व्यवस्था नेपाल रेडक्रस सोसाइटी मोरङले मिलाउने ।

(२५) कोभिड-१९ संक्रमणको अवस्था हेरी जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ र एकीकृत कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार कार्ययोजना, २०७८ बमोजिम जिल्ला प्रशासन कार्यालयबाट आदेश जारी गर्ने ।

२०७८।४।२८

प्रमुख जिल्ला अधिकारी